"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
# Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.):
चलानी नं. (Reg. No.):

मितिः २०८२/०५/०५

**सामुदायिक विद्यालय र सामुदायिक सिकाइ केन्द्रको अन्तिम लेखापरीक्षणका लागि आसय पत्र सम्बन्धी सूचना !**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०५/०५**

उपरोक्त सम्बन्धमा यस महालक्ष्मी नगरपालिकाभित्रका सामुदायिक विद्यालय र सामुदायिक सिकाइ केन्द्रहरुको आ.व २०८१/०८२ को लेखापरीक्षण गर्ने सम्बन्धमा यस कार्यालयको मिति २०८२/०५/०३ को निर्णय बमोजिम इच्छुक रजिष्टर लेखापरीक्षकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा तपसिल बमोजिमका कागजातहरुसहित आसयपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाणपत्र।
२. लेखापरीक्षण फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. आ. व २०८१/०८२ सम्मको लेखापरीक्षण प्रमाणपत्र नवीकरण गरेको इजाजत पत्रको प्रतिलिपि।
४. आन्तरिक राजश्व कार्यालयबाट लिएको कर दर्ता प्रमाणपत्रको प्रतिलिपि।
५. लेखापरीक्षक वहालवाला कर्मचारी भए विभागीय स्वीकृतिको प्रतिलिपि।
६. आ. व २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
७. सामुदायिक विद्यालयको हकमा माथि उल्लेखित कागजातहरुसहित लेखापरीक्षण गर्ने आसय लिखित रुपमा पेश गर्नुपर्नेछ।
८. म्याद नाघी वा रित नपुगी आएका निवेदन उपर कार्यवाही हुनेछैन।
९. अन्य विस्तृत विवरण बुझ्नुपरेमा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिनेछ।
१०. इच्छुक रजिष्टर अडिटरहरुले नगरपालिकाको आर्थिक ऐन बमोजिम तोकिएको सेवा शुल्कवापतको भौचर पेश गर्नुपर्नेछ।

चिरञ्जीवी पौडेल
शिक्षा निर्देशक

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np